# स्थानीय राजपत्र

**कोटहीमाई गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः १ कोटहीमाई, आषाढ २८ गते, २०७५ साल संख्याः १**


## भाग–१

**कोटहीमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही**

**संवत् २०७५ सालको ऐन नं. १**
**ऐनको नाम : कोटहीमाई गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५**

**प्रस्तावनाः** नेपालको संविधानको अनुसुची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कोटहीमाई गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम **"कोटहीमाई गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४"** रहेको छ।

(२) यो ऐन कोटहीमाई गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"ऐन"** भन्नाले कोटहीमाई गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले कोटहीमाई गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) **"गाउँपालिका"** भन्नाले कोटहीमाई गाउँपालिका सम्झनु पर्छ।

(घ) **"सभा"** भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

(ङ) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकार** :

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कोटहीमाई गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही कोटहीमाई गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागु गर्न सक्नेछ।

आज्ञाले

**गणेश घिमिरे**

प्रमुख प्रशासकीय अधिकृत